खण्ड ६४ संख्या ७ नेपाल राजपत्र भाग ५ मिति २०७१।२।२६

## नेपाल सरकार
## अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय मार्फत खानी तथा भूगर्भ विभाग अन्तर्गत TC Project NEP 2002 को 2012-13 Cycle को "Exploration and Evaluation of Uranium and Thorium Deposit in Nepal" का लागि International Atomic Energy Agency (IAEA), Austria बाट सहयोग स्वरुप प्रदान गरिने युरो ४७,३००।०० (सतचालिस हजार तीन सय) मूल्य बराबरका उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा अन्य सम्पूर्ण कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय अन्तर्गत "Developing and Establishing National Infrastructures for Radiation Safety" NEP-9001 का लागि International Atomic Energy Agency (IAEA), Austria बाट सहयोग स्वरुप प्रदान गरिने युरो ९,३५९.०० (नौ हजार तीन सय उनान्साठी) मूल्य बराबरका कम्प्युटर, उपकरण तथा सफ्टवेयर लगायतका सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी सबै कर महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी चितवन राष्ट्रिय निकुञ्ज, चितवनका लागि A



५८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Carol Buckley Project Elephant Aid International, U.S.A. बाट सहयोग स्वरुप प्राप्त हुने भा.रु. ६१,७८,३८७.०० (एकसट्ठी लाख अठत्तर हजार तीन सय सतासी) मूल्य बराबरका Electric Fencing Materials को आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र अन्य सम्पूर्ण कर महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Kathamandu University, Department of Environment Science and Engineering Himalayan Cryosphere Climate & Disaster Research Center (DICCDRC), Dhulikhel, Kavre का लागि University of Colorado at Boulder, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २२,४६५.४१ (बाईस हजार चार सय पैसठ्ठी सेन्ट एकचालीस) मूल्य बराबरको CAMPBELL SCIENTIFIC आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत सम्पूर्ण कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तिलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर ६१,९५०.०० (एकसट्ठी हजार नौ सय पचास) तथा Rotary International, Australia बाट उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर ५९,९८०.०० (उनान्साठी हजार नौ सय असी) मूल्य बराबरको आँखा उपचार सम्बन्धी स्वास्थ्य सामग्री/उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाली सेनाका लागि INTRA-ASIA SERVICES PTE. LTD., Singapore बाट खरिद गरिने अमेरिकी डलर ४६,७२७.८४ (छयालिस हजार सात सय सत्ताईस सेन्ट चौरासी) मूल्य बराबरका एम्बुलेन्स थान ४ को आयातमा भन्सार महसुल मूल्य अभिवृद्धि कर लगायतका सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल आयल निगम लिमिटेडका लागि चालु आर्थिक वर्ष २०७०।७१ का निमित्त ४५,००० (पैंतालीस हजार) कि.लि. अन्तर्राष्ट्रिय उडानमा प्रयोग हुने हवाई इन्धनको आयातमा लाग्ने सम्पूर्ण कर, महसुल तथा शुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत "Technical Cooperation Project NEP 5002 को Improving Animal Productivity and Control



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

of Trans-boundary Animal Diseases Using Nuclear and Molecular Techniques, 2012-13 cycle का लागि International Atomic Energy Agency (IAEA), Austria बाट सहयोग स्वरुप प्रदान गरिने युरो ६७,११५.३४ (सतसट्ठी हजार एक सय पन्ध्र सेन्ट चौतीस) मूल्य बराबर का सामग्री तथा उपकरणमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर लगायत अन्य करहरु छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी लायन्स क्लब अन्तर्राष्ट्रिय बहु जिल्ला ३२५, काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि Lions Club City of Perth (Host) Inc., Australia बाट उपहार स्वरुप प्रदान गरिने अष्ट्रेलियन डलर १९,०६०.०० (उन्नाइस हजार साठी) मूल्य बराबरका ६३ थान कम्प्युटर, २ थान मोनिटर र २ थान लेजर प्रिन्टरको आयातमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल जुडो संघ, काठमाडौंका लागि International Judo Federation, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने युरो ७,८२७.०० (सात हजार आठ सय सत्ताइस) मूल्य बराबरका जुडो खेल सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर लगायतका कर तथा महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी चालु आर्थिक वर्ष २०७०।७१ का लागि भन्सार महसुल अन्तर्गतको उपशीर्षक ०१०६.३३.०० मा वर्गीकरण हुने अष्ट्रिचको माउ जाति चल्ला (भाले पोथी) को पैठारीमा भन्सार महसुल, कृषि सुधार शुल्क तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १२

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी सुषमा कोइराला मेमोरियल ट्रष्ट, काठमाडौंद्वारा सञ्चालित सुषमा कोइराला मेमोरियल प्लाष्टिक सर्जरी अस्पताल, साँखु, काठमाडौंका लागि INTERPLAST-Germany e.V., Germany बाट उपहार स्वरुप प्रदान गरिने युरो २१,५८४.३५ (एक्काइस हजार पाँच सय चौरासी सेन्ट पैंतीस) मूल्य बराबरका स्वास्थ्य सामग्री/उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १३

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Children At Risk Network Nepal (CarNetNepal), काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि Samaritan's Purse International Relief, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ४२,२४०.०० (बयालीस हजार दुई सय चालीस) मूल्य बराबरका खेलौना तथा शैक्षिक सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

**मणीराम ओझा**

सह-सचिव



६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।